DATE:

आज मिति २०८१ साल कार्तिक ३ गते बिहीवारका दिन खैरहनी नगरपालिकाको आ.व. ०८१।०८२ को वार्षिक समिक्षा नगर प्रमुख श्री शशि कुमार खनियाँ ज्यू को अध्यक्षतामा निम्न बमोजीमका उपस्थितीमा कार्यक्रम सम्पन्न गरियो

१ नगर प्रमुख श्री शशीकुमार खनिया
२ उप प्रमुख श्री कविता उप्रेती
३ प्र.प्र.अधिकृत श्री पुरुषोत्तम शर्मा
४ न.पा. शिक्षा अ. श्री रानु बानियाँ
५ ने.क.पा. एमाले श्री पुर्ण कुल्लाकोटी
६ नेपाली काग्रेस श्री विक्रम उमियार महतो
७ ने.क.पा माओवादी केन्द्र श्री राजेश्वर पोखरेल
८ ने.क.पा. एकीकृत समाजवादी
९ लोकतान्त्रिक समाजवादी
१० रा.प्र. पार्टी श्री
११ वडा अध्यक्ष १ नं श्री नवराज सुवाल
१२ " " २ नं. श्री रोहीनी प्रसाद उप्रेती
१३ " " ३ नं श्री पुर्ण ब. गुरुङ
१४ " " ४ नं श्री वेद प्र. अधिकारी
१५ " " ५ नं श्री छत्रनाथ सुवेदी
१६ " " ६ नं श्री कमल प्र. पोपाने
१७ " " ७ नं श्री मनोज महतो
१८ " " ८ नं श्री शेखर कडेल
१९ " " ९ नं. श्री बन्धु राम महतो
२० " " १० नं श्री चाँद बिक्रम चौधरी

२१) वडा अध्यक्ष ११ श्री दिपेन्द्र कुमार थरांई
२२) " " १२ श्री केदारनाथ पन्त
२३) " " १३ श्री कुल प्रताप गुवार
२४) डाँफे पार्टिडा वाहन श्री बुधनिमा चौधरी
२५) " " " श्री आकान्द थरांई
२६) " " " श्री बिष्णु माया डाँगी
२७) " " " श्री मैं कुमा परियार
२८) " " " श्री चिन्डकिया चौधरी
२९) " " " श्री मैंया वि.क.
३०) " " " श्री सोमा गुरुङ
३१) " " " श्री कृविराम थरांई
३२) उद्योग वाणिज्य संघ खैरहनी श्री दिपेन्द्र श्रेष्ठ
३३) उद्योग संघ खैरहनी श्री युवराज पाण्डे
३४) चोक्ता अध्यक्ष खैरहनी श्री प्रकाश श्रेष्ठ
३५) चुडामणी अर्याल
३६) राजेश चौधरी
३७) ओमसागर भण्डारी - खैरहनी वन कार्यालय - ...
३८) आशिष पौडेल - खैरहनी न.पा - वा.ई
रमेश पौडेल - खैरहनी न.पा. रोजगार सेवा केन्द्र
३९) संजय कुमार चौधरी खैरहनी नपा, कार्यविधि, न्यायिक सहजकर्ता
४०) ... कुमारी गुरुङ, खै. न.पा. का. सचिव
४१) निर्मल घिमिरे - खै.न.पा. स्वास्थ्य शा. प्र.
४२) रमेश प्रसाद वाग्ले खै.न.पा. दर्ता चलानी शाखा संयोजक
४३) धुव अर्याल खै.न.पा. कृषि शाखा
४४) केशव राज सुवेदी न.पा.का. खैरहनी
४५) कुलराज पंगेनी " "

DATE:

४६) [illegible] कुमार श्रेष्ठ प.वि.अ. पशु सेवा
४७) दामोदर अधिकारी पु.अं.
४८) विकाश पौडेल पत्रकार
४९) इमान बस्नेत पत्रकार
५०) रामेश्वर रिजाल पत्रकार
५१) आशिष चौधरी
५२) नविन अधिकारी
५३) सन्देश चौधरी
५४) राजाराम रैदास
५५) [illegible] ना.प्र.ह.
५६) बाल गोविन्द महतो

# खैरहनी नगरपालिकाको आ.व. २०७८/०७९ को बार्षिक प्रगति समिक्षाको प्रतिवेदन २०७८

मितिः २०७९/०७/०३

नेपालको संविधानको धारा २१४ बमोजिम गठित यस खैरहनी नगरपालिकाले संविधानको अनुसूची-८ मा उल्लेखित एकल अधिकारहरु र अनुसूची-९ मा उल्लेखित साझा अधिकारको साथ साथै स्थानिय सरकार संचालन ऐन २०७४ को विभिन्न दफामा उल्लेख भएका स्थानिय तहका काम,कर्तव्य र अधिकारहरुको प्रयोग गर्ने गरेको छ, जुनसुकै सरकारी निकाय तथा संयन्त्र जनताप्रति जवाफदेही हुनुको साथै आ-आफ्ना कार्यहरुमा पारदर्शित अपनाउनु पर्ने हुन्छ । आफुले निश्चित अवधिमा सम्पादन गरेका कार्यहरुको पारदर्शित, जवाफदेहीता र उत्तरदायित्व बहन गर्नको लागि त्यस्ता निकायहरुले आफ्नो कार्य सम्पन्न भईसकेपछि जनताका प्रतिनिधि, विभिन्न राजनितिक दलहरुका प्रतिनिधि, सरोकारवाला निकाय तथा आफ्नो क्षेत्र भित्र संचालित अन्य सरकारी निकायहरु, संचारकर्मीहरु समेतको सहभागितामा समिक्षा गरी त्यसमा भए गरेको कार्यहरुलाई प्रस्ट्याउने, केही कमजोरी भए त्यसको लागि सहभागिहरुबाट प्राप्त सल्लाह, सुझावहरुलाई आगामी दिनमा मार्ग दर्शनको रुपमा लिई सुधार गर्दै जानुपार्ने हुन्छ ।

नगरपालिकाले अफुले गरेका कामहरुको समय-समयमा Web Site तथा संचारको माध्यमबाट सार्वजनिक गर्ने, सार्वजनिक सुनुवाई गर्ने, सार्वजनिक लेखा परीक्षण, सामाजिक लेखा परीक्षणको साथै प्रगति समिक्षा गोष्ठीहरुको आयोजना गरी विगत बर्षमा गरिएका कामहरुको जानकारी र आगामी बर्षमा गर्नु पर्ने सुधारका सम्बन्धमा सरोकारवालाहरुसँग सल्लाह सुझावहरु संकलन गर्नु पर्ने हुन्छ । यसले विगत बर्षहरुमा भएका कमी कमजोरीहरुलाई सुधार गर्दै नगरपालिकालाई एक निश्चित मार्ग निर्देशन गर्न र जनभावना अनुसार चल्न प्रेरित गर्दछ । त्यसै सिलसिलामा यस नगरपालिकाले आ.व. २०७८/०७९ मा सम्पादन गरेका विभिन्न क्षेत्रका कार्यक्रमहरुको बार्षिक प्रगति समिक्षा यही मिति २०७९/०७/०३ गते बिहिबार यसै नगरपालिकाको सभाहलमा सम्पन्न गरेको थियो ।

उक्त बार्षिक समिक्षा गोष्ठिमा विभिन्न कार्यालयका प्रमुख तथा प्रतिनिधिहरु, उद्योग बाणिज्य संघ खैरहनीका अध्यक्ष, चितवन उद्योग संघ खैरहनीका ईकाइ अध्यक्ष, नेपाल चेम्बर अफ कमर्स खैरहनी ईकाइका प्रतिनिधि, विभिन्न राजनिति दलका नगर प्रमुख तथा प्रतिनिधिहरु, यसै नगरपालिकाका नगर प्रमुख तथा उप प्रमुख, प्रमुख प्रशासकीय अधिकृत सबै वडाका वडा अध्यक्षहरु, कार्यपालिका सदस्यहरु, विभिन्न सहकारी संघका प्रतिनिधिहरु, विभिन्न कृषक समुहका प्रतिनिधिहरु, प्रत्रकार र विषयगत शाखामा प्रमुखहरुको समेत उपस्थितिमा नगर प्रमुख श्री शशी कुमार खनियाज्यूको अध्यक्षतामा संचालित उक्त कार्यक्रममा उपस्थित सबै अतिथिहरुलाई स्वागत गर्दै कार्यक्रम माथि प्रकाश पार्ने

काम यसै नगरपालिकाका नगर शिक्षा अधिकारी श्री राजु बानियाँले गर्नु भएको थियो भने नगरपालिकाले आ.व. २०७८/०७९मा सम्पन्न गरेका कार्यक्रमहरुमा भौतिक तथा वित्तिय प्रगतिको साथै नगरपालिकाले गरेका उल्लेखनिय कार्यहरुको प्रस्तुती प्रमुख प्रशासकीय अधिकृत श्री पुरुषोत्तम शर्माले Multi- media मार्फत गर्नु भएको थियो । उक्त कार्यक्रमको संचालन यसै नगरपालिकाका प्रशासकीय अधिकृत श्री दामोदर अधिकारीले गर्नु भएको थियो । जसलाई सहभागीहरुले अध्ययन गरी आफुलाई स्पस्ट नभएका कुराहरु सोधनी गर्नु भएको थियो । जसमा कार्यक्रम सम्पन्न भएका विभिन्न योजनाहरुको सचित्र प्रस्तुतिकारण समेत गरिएको थियो । उक्त कार्यक्रममा निम्न बमोजिमका सुझावहरु सहभागीहरुबाट प्रप्त भएको थियो ।

१) नेपाल कम्युनिष्ट पाटी माओवादी केन्द्र खैरहनी नगर कमिटिका अध्यक्ष श्री रामेश्वर पोखेलले यस नगर भित्रका सडकहरु नाजुक अवशथामा रहेकोले उक्त सडकहरुको जति छिटो मर्मत सम्भार गरियोस । विद्यालयहरुमा शिक्षकहरुले पढाईका भन्दा राजनिति गर्नमा व्यस्त छन विद्यालय व्यवस्थापनमा स्वच्छ राम्रो छवीको भन्दा राजनिति गर्ने व्यक्ति नियुक्ति हुन्छन प्रत्येक विद्यालयमा गुणस्तर शिक्षाको खाचो छ, हामीले बाटोघाटोमा धेरै लगानी गर्‍यौ केही समय बाटो नबनाऔं ,कृषि क्षेत्रमा लगानी बढाऔं , विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्न केही लगानी गरौ , स्वास्थ्य संस्था सबै वडामा स्थापना भए तर विरामी जादैन्न तिनीहरुको प्रचार प्रसार गरौं, स्वास्थ्य संस्था सुधा गरौं, सामाजिक सुरक्षा भत्ता वितरणमा केही सहजीकरण गरौं भन्नु भयो ।

२) नेपाली काग्रेसका खैरहनी नगर कमिटिका प्रतिनिधि विक्रम पंजियार महतोले यस नगरपालिकाको आ.व. २०७८/०७९ को बार्षिक समिक्षा प्रमुख प्रशासकीय अधिकृतज्यूले Multi-media मार्फत प्रस्तुत गर्नु भएका सबै विषय वस्तुहरु हेर्दा राम्रो लाग्यो बाटोघाटोको स्तरउन्नती राम्रोसँग गर्नु पर्‍यो, कृषि क्षेत्रमा ६८ प्रतिसत मात्र प्रगती कम भयो आगामी आ.व.मा कार्यक्रम तिब्रगतीमा लैजानु पर्‍यो, शित भण्डार किन सञ्चालन भएन नगरपालिकाले तत्काल सञ्चालन गर्न व्यवस्था गर्ने पर्‍यो । मल वितरणमा समस्या भयो,नगरपालिकाले सहजीकरण गरि दिनु पर्‍यो । सबै किसानलाई समान रुपले व्यवहार गर्नु पर्‍यो । स्वास्थ्यका कार्यक्रम पनि पुरा भएन्न यस तर्फ आगामी दिनमा ध्यान दिनु पर्‍यो भन्ने आफ्नो भनाई राख्नु भयो ।

३) नेपाल कम्यूनिष्ट पाटी एमालेका खैरहनी नगर कमिटिका अध्यक्ष श्री पूर्ण बहादुर डल्लाकोटीले यस नगर भित्र गत आ.व.मा सम्झौता भई सम्पन्न हुन बाँकी कालोपत्रे सडकहरु यथासक्य छिटो सम्पन्न गर्ने तर्फ ध्यान जाओस, शिक्षा, स्वास्थ्यमा दखिएका समस्याहरुलाई समाधान गरियोस, नगर अस्पतालमा विरामीहरुको चाप बढेको देखिन्छ जनताको छिटो र राम्रो उपचारको व्यवस्था गरियोस । गरिब तथा विपन्न महिलाहरुलाई सुत्केरी स्याहार सुसार खर्चको व्यवस्था गरियोस । कृषि सम्बन्धी कार्यक्रम नभएको र बजेट फिज भएकोमा दुःख लाग्छ । कृषकलाई उनीहरुको आर्थिक अवस्था सुदृढीकरण गर्न के गर्न सकिन्छ हेर्नुहोस । उत्पादन लागत कम कसरी गर्न सकिन्छ, कृषि औद्योगीकरण गर्न कोशीस गरौं । सुत्केरीलाई दिने पोषण कार्यक्रम किन हुन सकेन ? सुत्केरीलाई नगरपालिकाले देखेन । निर्माण कार्य ढिला हुँदा दललाई समेत समस्या भएकोछ, म्याद थप हुँदा कतै मुल्य बढाउन खोजिएको छ हैन ? ठेकोदारलाई छिटो चाडो काम गर्न

लगाउनुहोस । कर्मचारीले, बैंकले उपेक्षा गर्ने कृषकलाई हो ध्यान दिनुहोस भन्ने भनाईहरु राख्नु भएको थियो ।

उक्त कार्यक्रम माथि उल्लेखित प्रमुख बक्ताहरुको साथै अन्य बक्ताहरुले उठाउनु भएको समग्र कार्यक्रमको र नगरपालिकाको गतिविधिहरुको बारेमा उठेका जिज्ञासाको कार्यक्रमको अध्यक्षता गरिरहनु भएका नगर प्रमुख श्री शशी कुमार खनियाज्यूले कृषि,नगरका गौरवका योजना,स्वास्थ्य,फोहोर व्यवस्थापन,प्रधानमन्त्री रोजगार कार्यक्रम,उद्यमसीलता विकास शिक्षा तथा शिक्षक व्यवस्थापन लगायतका कार्यक्रमहरुको बारेमा जवाफ दिनुको थियो । साथै विगतको समयमा खरिद गरिएको मौरीघार प्रशोधन मेशिनमा समस्या भएकोले उक्त मेशिन फिर्ता गरिएको, बिशेष गरी खैरहनी नगरपालिकाको बजार क्षेत्रमा पार्किङ्गमा समस्या भएको हुँदा उक्त पार्किङ्ग व्यवस्थापन गरिएको, खैरहनी नगरपालिका भित्र संचानमा रहेका टेम्पो व्यवसायिहरुसँग छलफल गरी उक्त व्यवस्यापन गरिनुका साथै बजार अनुगमन, भुस्याहा कुकुरलाई बन्ध्याकरण गर्ने कार्य, शित भण्डारलाई छिट्टै सञ्चालन गर्ने व्यवस्था गर्ने तथा नगरपालिकाको हालसम्म ११ करोड ६६ लाख बेरुजुको बारेमा समेत जानकारी दिनु भएको थियो । त्यसै गरि उपस्थित अतिथिहरुले व्यक्त गर्नु भएको सल्लाह तथा सुझावका आधारमा आगामी दिनमा नगरपालिकाले कार्यक्रम संचालन गर्ने उपयुक्त सुधारहरु गर्दै जाने उहाँहरुले दिनु भएको सल्लाह सुझावको उचित कदर गर्ने कुरा व्यक्त गर्नु भयो । अन्तमा उपस्थित सबै राजनितिक दलका पदाधिकारीहरु, विषयगत कार्यालयका प्रमुखहरु, शाखा प्रमुखहरु, वडा अध्यक्षहरु, कार्यपालिकाका सदस्यहरु उपस्थित हुन भएका विभिन्न संघ/संस्थाका प्रतिनिधिहरु, संचारकर्मी मित्रहरु सबैलाई भन्यवाद दिई कार्यक्रम समापन गर्नु भएको थियो । यसरी दिनको ११:३० बजे शुरु गर्ने भनिएको कार्यक्रम ११:४५ बजे शुरु भई २:३० बजे चियापान गरि समापन भएको थियो ।

२०७९/६/१२